प्रदेश सरकार

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प.सं. : ०७६/७७

च.नं. :

## कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आवह्यनको

## सूचना ।   सूचना ।।   सूचना ।।।

प्रथम पटक प्रकाशित मिति- २०७६/०८/१९

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालनका लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस कर्णाली प्रदेश भित्रका इच्छुक फरक क्षमता भएका, द्वन्द्वपिडित, बेरोजगार युवा, प्राबिधिक (कृषि तथा भेटेरिनरी) शिक्षा अध्ययन गरेका तथा बिदेशबाट फर्केका युवा, कृषक र कृषि तथा पशुपालन व्यबसायमा संलग्न र प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा दर्ता भएका कृषि सहकारी संस्था, कृषक समुह, फार्म तथा व्यबसायीबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन (२०७६/०९/१८ गते) भित्र यस मन्त्रालय वा मन्त्रालय मातहतमा रहेका निर्देशनालय, कृषि विकास कार्यालय र पशु अस्पताल तथा पशुसेवा कार्यालयहरुमा तपसिल अनुसारका कागजातहरु संलग्न राखि कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन अनुरोध गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराइन्छ । प्रस्ताव पत्र र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढांचा सहित तल उल्लेखित पेश गर्नु पर्ने अन्य कागजात तथा कार्यक्रम कार्यान्वयन कार्यविधि यस मन्त्रालयको वेबसाईट molmac.karnali.gov.np वाट पनि डाउनलोड गर्न सकिनेछ ।

आवश्यक कागजातहरु:

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. कृषि व्यबसाय गर्ने अनुसूची २/३ अनुसारको प्रस्तावना पत्र ।
३. संस्था दर्ताको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपी ।
४. संस्था दर्ताको हकमा गत आ.व.सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण ।
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
६. प्रतिवद्धता पत्र ।
७. बिदेशबाट फर्केका युवाहरूले राहदानी र भिसा लगायत अन्य कागज (उपलब्ध भए सम्म) ।
८. प्राबिधिक (कृषि तथा भेटेरिनरी) शिक्षा अध्ययन गरेका युवाहरूको हकमा शैक्षिक प्रमाण पत्र ।
९. विदेशबाट फर्केका, द्वन्दपिडित र फरक क्षमता भएका व्यक्तिहरूले प्रमाण खुल्ने कागजपत्रहरू।
१०. निजी फर्म दर्ता भएका वा सुचना म्यादसम्म दर्ता भएको हुनुपर्ने ।
११. अन्य आवश्यक कागजातहरु ।

(धन बहादुर कठायत)

निमित्त सचिव

"सक्षम निजामति प्रशासनः विकास, समृद्धि र सुशासन"

टेलिफोन नं: ०८३-५२००८२, ०८३-५२०९३७, फ्याक्स नं: ०८३-५२०२७३

ईमेल:-molmacp6@gmail.com